## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०५/२४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसलाका आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | सावन कुमार चौधरी, सुमन कुमार पुरी, वृज कुमार यादव, जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि., जनकपुरधाम मुद्दा नं. ०८१-CR-००६६<br><br>फैसला मितिः २०८२।११।२६ | गैरकानूनी लाभहानी पुर्‍याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको। | **(क)** प्रतिवादीहरु बटेश्वर गाउपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सावनकुमार चौधरी र लेखा हेर्ने छैठौं तहका अधिकृत सुमनकुमार पुरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादीहरूलाई विगो रू.६,४४,१००।- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>**(ख)**प्रतिवादीहरु जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. तथा उक्त कम्पनीका अध्यक्ष बृजकुमार यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्य गरी नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही | **(क)** मिति २०७६।१०।२४ र मिति २०७६।१२।३ मा प्रकाशित गरिएको जनकुपर टुडे दैनिक पत्रिकाको अङ्कहरूको पूरा पेज प्रेस काउन्सिलको डिजिटल अभिलेख अपलोड नभएको उपर सम्बद्ध आधिकारिक निकायबाट जनकपुर टुडे पत्रिकाको भौतिक प्रति र प्रेस काउन्सिलमा अभिलेख रहने PDF पेजहरू फरक परेको विषयमा अनुशासनको कारवाहीसमेत चलिसकेको देखिएको,<br>**(ख)** सोही मितिमा प्रकाशित उक्त पत्रिकाहरूको अन्य सरकारी निकायहरूमा रहेको सोही अङ्कहरूको प्रमाणित प्रतिलिपि तथा बटेश्वर गाउँपालिकामा पेश भएको सोही मितिको सोही पत्रिकाको अङ्कहरूमा सो | (क) जिल्ला महोत्तरी, बटेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकले गाउँपालिका अन्तर्गतका वडाहरूमा स्वास्थ्य चौकी भवन र डिप बोरिङ तथा डिप बोरिङ हाउस निर्माण कार्य वोलपत्र प्रक्रियामार्फत योजना कार्यान्वयन गर्ने निर्णय गरेको देखिन्छ। बटेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको च.नं. ९०७ मिति २०७६।१०।२१ गतेको पत्रबाट जनकपुर टुडे राष्ट्रिय दैनिकलाई मिति २०७६।१०।२४ गतेको पत्रिकामा पत्रसाथ पठाइएको सूचना प्रकाशन गर्न पत्र प्रेषित गरेको देखिन्छ। जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७६।१०।२४ गतेको(७ फ्रेवरी २०२०) वर्ष २२, अंक २५४ र मुद्रित पृष्ठ उल्लेख नभएको पत्रिकामा उक्त बोलपत्रको सूचना प्रकाशन गरेको भनी पत्रिकाको एक प्रति बटेश्वर गाउँपालिकामा उपलव्ध गरे गराएको देखिएको व्यहोरा बटेश्वर गाउपालिकाको च.नं. १०९१ मिति २०८०।१२।०१ गतेको पत्रसाथ प्राप्त मुद्रित पृष्ठ १२ भएको पत्रिकाको सक्कल प्रति देखिन्छ । उक्त पत्रिकाको अन्तिम पृष्ठ (विविध)को पुछारमा “जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्धारा प्रकाशित” भनि लेखिएको समेत देखिन्छ। सोही बोलपत्र सूचनाको आधारमा बटेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको च.नं. १२१ मिति २०७६।१२।०२ गतेको पत्रबाट जनकपुर टुडे राष्ट्रिय दैनिकलाई मिति २०७६।१२।०३ गतेको पत्रिकामा बोलपत्र स्वीकृतको आशयको सूचना प्रकाशन गर्न पत्रसाथ सूचना पठाइएको देखिन्छ।प्रेस काउन्सिल ऐन, २०४८ को दफा ११ को उपदफा (१) को देहाय (क), छापाखाना र प्रकाशन सम्वन्धी नियमावली, २०४९ को नियम ७ को उपनियम (२), पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड, २०६६ को दफा ७ र दफा ९, प्रेस काउन्सिल नेपालको विभिन्न मितिको पत्रपत्रिकाको अभिलेख नियमित अद्यावधिक गराउने सम्वन्धी सूचना लगायतको प्रचलित कानून वमोजिम उक्त जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाले उक्त मिति २०७६।१०।२४ गते प्रकाशन गरेको पत्रिकाको विवरण प्रेस काउन्सिल नेपालमा पेस गरेको देखिएकोमा प्रेस काउन्सिल नेपालको च.नं. २६९ मिति २०७९।११।१७ गतेको पत्रबाट प्राप्त उक्त पत्रिकाको मिति २०७६।१०।२४ गतेको PDF अभिलेख हेर्दा उक्त मितिमा मुद्रित पृष्ठ ८ को पत्रिकामात्र प्रकाशन भएको र बोलपत्र आव्हानको सूचना प्रकाशन भएको देखिँदैन। सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा (१) बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेमा नियमानुसार सार्वजनिक रूपमा प्रकाशन गरि वितरणमा ल्याईएको पत्रिकामा बोलपत्रको सूचना तथा बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशन नगरी नगराई बटेश्वर गाउँपालिकाको ठेक्काको प्रयोजनार्थ अभिलेखमा राख्ने गरी जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाको एक प्रतिमा मात्र प्रकाशित गरी उक्त मिति २०७६।१०।२४ बोलपत्र आह्वान र मिति २०७६।१२।०३ बोलपत्र स्वीकृतको आसयको सूचना बटेश्वर गाउँपालिकामा पेश गरी झुट्टा विवरण विजक नं. ७५३, ७५४ र ७५५ को बिल पेश गरेको देखिन्छ । प्रस्तुत मुद्दामा विशेष अदालतको फैसलाबाट अनुशासनको कारवाहीसमेत चलिसकेको भनी उल्लेख भई आएकोबाट बोलपत्रको सूचना तथा बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशन नगरिएको तथ्य स्वीकार गरेको अवस्थामा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सावन कुमार चौधरी र लेखा हेर्ने छैठौं तहका अधिकृत सुमन कुमार पुरीको दस्तखत भएको गो.भौ.नं. २०७ मिति २०७७।०१।०१ गतेको भौचरवाट उक्त झुट्टा विल भरपाई लगायतको कागजातहरुको आधारमा रू.६,४४,१००।- (अक्षरेपी छ लाख चौवालीस हजार एक सय मात्र) बराबरको रकम भुक्तानी दिई प्रतिवादी सावनकुमार चौधरी र सुमनकुमार पुरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८को उपदफा १(ङ) बमोजिमको कसूर गरेको अर्का प्रतिवादी जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. तथा उक्त कम्पनीका अध्यक्ष बृजकुमार यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्य गरी नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको मिसिल संलग्न गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐनको दफा २२ बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम मुख्य कसूरदारहरूलाई हुने सजायलाई आधार मानी सोही ऐनको २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदारसरह सजाय गरी विगो असुल उपर गरी पाऊँ। कानूनी व्यक्ति प्रतिवादी जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा २३क. बमोजिम सजाय हुन मागदाबी लिई आरोप पत्र दायर भएको।<br><br>प्रतिवादीहरू सावनकुमार चौधरी, सुमनकुमार पुरी, बृजकुमार यादव र जनकपुर टुडे मिडिया प्रा.लि. समेतले आरोपदावी सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ। | गाउँपलिकाको बोलपत्र आह्वानको सूचना एवं बोलपत्र स्वीकृत गर्ने आशयको सूचना हुबहु समान पेजको तत् तत् स्थानमा नै प्रकाशित भइरहेको देखिदाँ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) (ङ) बमोजिमको कसूरजन्य कार्यको मतियार भई ऐनको दफा २२ को कसुर पुष्टि भएको नदेखिएको,<br>**(ग)** प्रतिवादीहरूले आपसमा मिलमतो गरी प्रतिस्पर्धालाई सीमित गर्ने र आफूहरूलाई गैरकानूनी लाभ र सम्बन्धित गाउँपालिकालाई हानीनोक्सानी पुऱ्याउने कार्य गरेको नदेखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) (ङ) को कसुर पुष्टि भएको देखिएन। | विभिन्न मितिमा प्राप्त कागजात, प्रेस काउन्सिल नेपालले विभिन्न मितिमा पठाएको राय प्रतिक्रिया तथा प्राप्त कागजातहरू, प्रतिवादीहरु सावनकुमार चौधरी, सुमनकुमार पुरी, बृजकुमार यादवले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानबाट स-प्रमाण स्थापित भएको अवस्थामा प्रमाणहरुको समुचित मुल्यांकन नगरि प्रतिवादीहरुलाई आरोपदावी सफाई हुने ठहर गरी भएको फैसला प्रमाण परीक्षणको रोहमा त्रुटीपूर्ण रहेकोले बदरभागी छ।<br>(ख) प्रस्तुत मुद्दामा प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियर, लेखा अधिकृत, जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. तथा उक्त कम्पनीका अध्यक्ष बृजकुमार यादव समेतका विभिन्न जिम्मेवार व्यक्तिहरूको संयुक्त संलग्नतामा योजनासम्बन्धी सम्पूर्ण कागजातहरू तयार गरे गराएको तथा प्रमाणीकरण भएको तथा भुक्तानी प्रक्रियासम्म पुगेको तथ्यमा कुनै विवाद रहेको देखिदैन। उक्त कार्य कुनै एक व्यक्तिबाट एक प्रशंगमा भएको नभई उक्त कार्यमा प्रतिवादीहरूको बिभिन्न तहमा सहभागिता रहेको र योजनाबद्ध रुपमा बटेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको च.नं. ४७४ मिति २०८१।०८।२० गतेको पत्र अनुसार जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाले मिति २०७६।१२।०२ को पत्रबाट ठेक्का नं. NCB/०३-BRM/२०७६/७७ देखि NCB/११-BRM/२०७६/७७ सम्मको जम्मा ९ ओटा बोलपत्र आव्हानको सूचना र आशयको सूचना प्रकाशन गरेबापत मिति २०७६।१२।१० मा जारी बिजक नं. ७५३, ७५४ र ७५५ बाट मु.अ. करसहित क्रमशः रु.२,७३,३००।-, रु.२,७१,२००।- र रु.१,३५,६००।- गरी जम्मा रु.६,४४,१००।- (अक्षरेपि छ लाख चौवालीस हजार एक सय मात्र) भुक्तानीका लागि अनुरोध गरेको र बटेश्वर गाउँपालिकाको गो.भौ.नं. २०७ मिति २०७७।०१।०१ बाट मागबमोजिमको रकम जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.लाई भुक्तानी कार्य भएको तथ्य स-प्रमाण पुष्टी भएको अवस्थामा उक्त कसूर एकल व्यक्तिको सामान्य त्रुटिबाट नभई विभिन्न तहका पदाधिकारीहरूको सक्रिय सहभागितामा चरणबद्ध तवरले सम्पन्न भएको देखिदा उक्त कार्यलाई सामान्य प्रशासनिक वा मानवीय त्रुटिको रूपमा ग्रहण गर्न सकिँदैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) अनुसार कुनै राष्ट्रसेवकले आफू वा अरू कसैलाई गैरकानूनी लाभ पुऱ्याउने वा नेपाल सरकार अथवा सार्वजनिक संस्थालाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले कार्य गरेमा सो कार्य आफैंमा दण्डनीय कसूर हुने व्यवस्था रहेको छ। यस्तो अवस्थामा उक्त सूचना बमोजिम विभिन्न बोपत्रदाताहरूको बोलपत्र परी निर्माण कार्यको लागि खरिद सम्झौता भई बोलपत्र सूचना बमोजिमको कार्य सम्पन्नसमेत भइसकेको भन्ने आधारलाई मात्र ग्रहण गरी गैरकानूनी लाभ पुऱ्याउने उद्देश्यले गरिएका सम्पूर्ण कार्यलाई अपराधको दायराबाट बाहिर राखु उक्त कानूनी व्यवस्थाको उद्देश्य, भावना तथा मर्मविपरीत भएको हुँदा सो हदसम्मको फैसला बदरभागी छ।<br>(ग) भ्रष्टाचार निवारण सम्बन्धी विधिशास्त्र तथा अपराधशास्त्रले सार्वजनिक सम्पत्तिको प्रत्यक्ष हानी नोक्सानी मात्र नभई, सार्वजनिक संस्थाप्रतिको जनविश्वास, प्रशासनिक निष्ठा तथा वित्तीय अनुशासनको संरक्षणलाई समेत कानूनी हितको रूपमा स्वीकार गरेको छ। प्रस्तुत मुद्दामा सूचना प्रकाशनको सत्यता परीक्षण नगरी सीमित वोलपत्रका आधारमा पेश भएका झुट्टा विलविजका आधारमा भुक्तानी आदेश जारी गर्ने कार्यहरूले सार्वजनिक प्रशासनको विश्वसनीयता तथा विधिसम्मत वित्तीय व्यवस्थापनमाथि गम्भीर प्रहार गरेको छ। यस्ता कार्यलाई केवल रकम अन्ततः निकासा नभएको कारणले अपराध नमान्ने हो भने भ्रष्टाचार नियन्त्रणसम्बन्धी समग्र कानूनी संरचना नै निष्प्रभावी हुने अवस्था सिर्जना हुन्छ। त्यसैले विशेष अदालतको फैसला भ्रष्टाचार निवारण ऐनको उद्देश्य, सार्वजनिक नीति तथा सुशासनसम्बन्धी संवैधानिक मूल्य मान्यतासमेत प्रतिकूल रहेको हुँदा बदरभागी छ।<br>**अतः** माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादीहरु सावनकुमार चौधरी, सुमनकुमार पुरी, बृजकुमार यादव र जनकपुर टुडे मिडिया प्रा.लि.लाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपुर्ण भएकोले उक्त फैसला बदर गरि प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |